सम्पादकीय

# फितलो कूटनीति

मुलुक संक्रमणकालबाट गुज्रिरहेको बेला अन्तर्राष्ट्रिय समुदायमाझ बलियो उपस्थिति जनाउनुपर्नेमा हाम्रो कूटनीतिक संयन्त्र झन्‌झन् कमजोर बन्दै गएको छ। थुप्रै मुलुकका नेपाली नियोग राजदूतविहीन भएका छन्। भारत, अमेरिका, फ्रान्सजस्ता शक्तिराष्ट्रमा अघिल्लो सरकारले पठाएको 'एग्रिमो' स्वीकृत नभएको अवस्था छ। यसले कूटनीतिक बेइज्जतीमात्र गराएको छैन, विश्व रंगमञ्चमा नेपालको परराष्ट्र पहुँच र पहिचानलाई साँघुरो पार्दै लगेको छ। दुई महिनाभित्र इजिप्ट, श्रीलंकालगायत अन्य देशमा पनि राजदूत पद रिक्त हुने तथा क्यानडा, ब्राजिल, दक्षिण अफ्रिका र कुवेतमा दूतावास खोलिने भएकाले थप कूटनीतिज्ञहरू चाहिनेछन्। यसका निम्ति दक्ष र अनुभवी राजदूत चयन गर्नुपर्नेमा राजनीतिक शक्तिकेन्द्र धाउने प्रवृत्ति बढेको छ। प्रधानमन्त्री, परराष्ट्रमन्त्री र अन्य प्रभावशाली नेताहरूकहाँ दौडधुप गरेर कूटनीतिक नियुक्ति हासिल गर्ने नकारात्मक शैलीले जरा गाड्दैछ। कूटनीतिजस्तो संवेदनशील मामिलामा राजनीतिक दलहरूले भागबन्डाको संस्कृतिलाई प्रश्रय दिन थालेपछि यस्तो प्रवृत्तिले टाउको उठाउन थालेको हो।

सिंगो देशको छविसँग जोडिएको परराष्ट्र नीति र कूटनीतिक संयन्त्र फितलो हुँदै गएको राजदूत बन्ने दौड र चलखेलका दृष्टान्तबाट प्रस्ट हुन्छ। बाहिरी विश्वमा देशले राख्ने सम्पर्क र सम्बन्धको सेतु मानिने कूटनीतिक क्षेत्रमा सरकार फेरिएपिच्छे हेरफेर हुनु स्वाभाविक र सकारात्मक होइन। कुनै विशिष्टीकरणबिनाको नियुक्ति प्रक्रिया अनौठोमात्रै देखिँदैन, यसले मुलुकको कूटनीतिक छविलाई समेत क्रमशः धुमिल्याउँदै लगेको छ।

सरकार फेरिनासाथ देशको परराष्ट्र नीतिमा परिवर्तन हुने होइन। परराष्ट्र नीति भनेको कुनै राजनीतिक दलको घोषणापत्र पनि होइन, यो एउटा राज्यले विदेशलाई हेर्ने समग्र दृष्टिकोण हो। त्यसकारण सरकार परिवर्तनसँगै कूटनीतिक सम्बन्धमा परिवर्तन आउने वा राजदूत फेर्ने काइदा मान्य हुँदैन। नेपालमा भने यो सरकार फेरिएपिच्छे 'बाहिरी विश्वलाई सरकारको नीति परिभाषित गर्ने' बहानामा विभिन्न नियोगमा खटाइएका राजदूतलाई फिर्ता बोलाउने परम्पराले प्रचलनकै रूप लिनु सकारात्मक होइन। सरकारले कूटनीतिक प्रतिनिधिका रूपमा कुनै व्यक्तिलाई पठाउँदा उसले आफ्नो दलविशेषलाई गरेको योगदानभन्दा उसको ल्याकत हेर्नुपर्छ र विदेश गएर देशको प्रतिनिधित्व गर्न सके/नसकेको मूल्यांकन गर्नुपर्छ। त्यसो गरेमा एउटा सक्षम र उपयुक्त व्यक्तिले विदेशमा मुलुकको गरिमा बढाउन सक्छ भने बुझबुझारथपछि राजदूत फिर्ता हुने गलत परम्परा पनि निरुत्साहित हुन्छ।

राजदूतको पदावधि चार वर्षको हुन्छ। प्रायःजसो राजदूत आफ्नो कार्यकाल पूरा नगरी फर्कनुपर्ने हुन्छ। यसबाट राज्यले आर्थिक र प्रशासनिक घाटामात्रै होइन, कूटनीतिक साख पनि खस्कन सक्छ भन्नेतर्फ सरकार सचेत देखिँदैन। राष्ट्रको प्रतिनिधित्वभन्दा पनि आर्थिक लाभ र सुविधाभोगी प्रवृत्तिको चिनारी दिने अवस्थामा सम्पूर्ण राजनीतिक दल र सरकारले कूटनीतिकवृत्तको नयाँ परिभाषा खोज्नु जरुरी छ।

परराष्ट्र मन्त्रालय स्वयंले गठन गरेका आयोगहरूले राजदूत नियुक्ति प्रक्रियामा कम्तीमा ५० प्रतिशत नियुक्ति परराष्ट्र सेवाबाट हुनुपर्ने सिफारिस गरेका छन्। तर अहिले भइरहेकोमा पनि ७० प्रतिशतभन्दा बढी भागबन्डा र राजनीतिक प्रभावका आधारमा हुने गरेको छ। त्यसमाथि क्षमता र स्तर नहेरीकन राजदूत सिफारिस गर्दा सम्बन्धित मुलुकले एग्रिमो स्वीकृत नगरेको अवस्था पनि उत्तिकै लाजमर्दो छ। यसकारण राज्यले आफ्नो छवि विस्तारमा सबभन्दा प्राथमिकतामा कूटनीतिक जगत्‌लाई विश्वासमा लिनु जरुरी छ, जसका लागि कूटनीतिक संयन्त्र र कार्यशैलीमा पुनर्विचार हुनु जरुरी छ। बाहिरी विश्वले अपनाउने कार्यशैलीलाई पनि हेरेर राजदूत नियुक्तिमा 'टीका र कोटा परम्परा' तुरुन्तै बन्द गर्नुपर्छ। क्षमता र विशेषज्ञताले यसमा स्थान पाउनु प्रशंसनीय सुरुवात हुनेछ।

# सरकार–सेना संशयको नयाँ रूप



सुधीर शर्मा

राजनीतिक र कूटनीतिक धापका दृष्टिले नेपाली सेना अहिलेजति शक्तिशाली सायद राजतन्त्रकालमा पनि थिएन।

शीतल निवासमा प्रधानमन्त्री माधवकुमार नेपालको शपथग्रहण समारोह चलिरहँदा अर्का एक व्यक्तिले पनि थुप्रैजनाबाट बधाई पाइरहेका थिए। उनी थिए- प्रधानसेनापति रुक्मागंद कटवाल। कटवाललाई अवकाश दिने निर्णयसँगै जन्मिएको विवादमा परेर माओवादी नेतृत्वको सरकार ढलेपछि नेपाल सरकार प्रमुख बन्न पुगेका थिए। र, उनले त्यो जिम्मेवारी पाउँदा सेनाको सद्भाव पनि थियो। तर, केही सातामै सरकार र सेनाबीच नयाँ रूपको संशय देखापरेको छ। बाहिरी रूपमा सम्बन्ध सुमधुर देखिए पनि भित्रभित्रै त्यो बिथोलिदै गएको छ।

विगतमा माओवादी र सेनाबीच सोझो टकराव हुनुको अप्ठ्यारो अहिले प्रधानमन्त्री नेपालले भोगिरहेका हुन्। माओवादीसँग राजनीतिक समझदारी गर्न खोज्यो, जर्साबहरू सशंकित हुने, जंगी अड्डाको कुरा बढी सुन्यो, माओवादी आक्रोशित हुने! यो चेपुवा समीकरणले संसद्‌मा जारी माओवादी अवरोध हटाउने प्रयास पनि प्रभावित हुँदै छ। जारी अधिवेशन समापन गर्न, सरकारको नीति तथा कार्यक्रम र बजेट पेस गर्न विपक्षी माओवादीसँग कुनै न कुनै रूपको समझदारी गर्न सरकार प्रयत्नरत छ। यसका निम्ति माओवादीले सेनामा नागरिक सर्वोच्चताको प्रत्याभूति गर्न र सेनापति थमौती गर्ने राष्ट्रपतिको कदमलाई असंवैधानिक ठहर गर्न दबाब दिएका छन्। प्रधानमन्त्री नेपाल राष्ट्रपतिको कदमबारे टिप्पणी गर्न तयार छैनन्, तर 'नागरिक सर्वोच्चता' का सम्बन्धमा बोल्न सकिने जवाफ दिएका छन्, जसबाट जर्साबहरूको पारो तातेको हो।

मन्त्री-प्रधानमन्त्रीले यदाकदा चर्को भाषण गरे पनि वर्तमान सरकार मूलतः 'माओवादीपरस्त' र 'सम्झौतावादी' बन्दै गएको सैनिक अधिकारीहरूको ठहर छ। मुलुकमा खस्कँदो शान्तिसुरक्षालाई सम्हाल्न र दण्डहीनता रोक्न सबभन्दा सुरुमा माओवादीबाट सिर्जित अराजकता नियन्त्रण गर्न सरकारले कडा कदम चाल्नुपर्ने उनीहरूको अपेक्षा थियो। तर, सरकारले त्यसो नगरी उल्टो कहिले नयाँबजार, कहिले गोदावरी त कहिले झम्सीखेलमा माओवादी नेताहरूसँगै भलाकुसारी थालेपछि सैनिक नेतृत्व झस्किएको हुनसक्छ।

यता सरकारले चाहिं दैनन्दिन सत्ता सञ्चालनका निम्ति पनि माओवादीसँग संवाद र समझदारी जरुरी देखेको छ। वास्तवमा प्रधानमन्त्री नेपाल सिंहदरबारको कुर्सी नसम्हाल्दासम्म एउटा अवस्थामा थिए, तर आफ्नै नेतृत्वमा सरकार बनिसकेपछि उनका निम्ति नेपाली सेना आफूमातहतको एउटा अंग भयो भने सरकारको सञ्चालन र दीर्घायुका निम्ति पक्ष-विपक्षका राजनीतिक शक्तिहरू ज्यादा महत्त्वपूर्ण हुनआए। त्यही भएर आफ्नै पार्टीभित्रका हिजोका प्रतिस्पर्धी अध्यक्ष झलनाथ खनाल र भर्खरै सत्ताबाट बाहिरिएका माओवादी अध्यक्ष पुष्पकमल दाहालसँग सम्बन्ध सुधार गर्नेतर्फ प्रधानमन्त्री नेपाल अग्रसर छन्, जसलाई सम्झौतावादी बाटो अपनाएको रूपमा लिइँदै छ।

अघिल्लो सरकारसँग सेनाको सम्बन्ध रथी कुलबहादुर खड्कालाई कामु सेनापतिका रूपमा अगाडि सारेपछि सम्हाल्नै नसक्ने गरी बिग्रिएको थियो। पछिल्लो संशय उत्पन्न हुनुको पहिलो कारण पनि संयोगवश खड्का नै बन्न पुगे। सैनिक नेतृत्वविरुद्ध 'माओवादी उक्साहटलाई साथ दिएको' र पत्रपत्रिकामा अन्तर्वार्ता दिँदै हिँडेको आरोपमा खड्कालाई कारबाही गर्न जंगी अड्डा तम्तयार थियो। रक्षामन्त्री विद्या भण्डारीले पनि अनौपचारिक सहमति दिइसकेकी थिइन्। र, कोर्ट मार्शलका निम्ति बोर्ड गठन गर्ने कामसमेत भइसकेको थियो।

तर माओवादी नेताहरूसँग गोदावरीमा शीर्षवार्ता भएपछि प्रधानमन्त्री नेपालले प्रस्तावित कारबाही रोकिदिए। माओवादीले आग्रह गरेअनुसार खड्कालाई चार तारे जर्नेलकै रूपमा राष्ट्रिय सुरक्षा परिषद्‌को संयोजक वा प्रधानमन्त्रीको सल्लाहकार बनाएर राख्ने अथवा कुनै देशमा राजदूत बनाएर पठाउने प्रस्ताव नमाने पनि सरकारले 'अनुशासन उल्लंघन गरेका' अधिकृतलाई खुला छाड्यो भन्ने जंगी अड्डालाई परेको छ। सेनाका तर्फबाट कानुन विभाग प्रमुख बीएकुमार शर्माले 'सरकारले सेनामा राजनीतिकरण गर्न खोजेको' गम्भीर आरोपसमेत त्यसबीच लगाए। तर सैनिक मुख्यालयको असन्तुष्टिप्रति सरकारले प्रतिक्रिया जनाउन चाहेन।

भर्खरै अर्को घटना भयो। प्रधानमन्त्रीले बेलायती समाचार संस्था 'रोयटर्स' सँगको अन्तर्वार्तामा माओवादी प्रस्तावको हवाला दिँदै पाँच हजारसम्म लडाकुलाई नेपाली सेनामा समायोजन गर्न सकिने उल्लेख गरे। यो त्यस्तो प्रस्ताव थियो, जो ठाडै पुष्पकमल दाहालले समेत राख्न सकेका थिएनन्। अन्तर्वार्ता प्रकाशित भएकै दिन सेनापति कटवालको नेतृत्वमा एक दर्जन जर्नेलहरूले प्रधानमन्त्रीलाई भेटे र सेना-सरकार सम्बन्धको 'संवेदनशीलता' बारे अर्थ्याए। सरकारले सैनिक अंगको संवेदनशीलता बुझ्नुपर्ने र अनावश्यक



हस्तक्षेप गर्नु नहुने उल्लेख गर्दै कुनै कुरामा चित्त नबुझे सम्बन्धित ऐन, कानुन संशोधन गरेर निर्णय लिए हुने त्यो अनियमित 'ब्रिफिङ' का क्रममा बताइयो। जर्नेलहरूको सुझाव आएको तीन दिनपछि प्रधानमन्त्रीका प्रेस सल्लाहकारको नाममा एउटा प्रस्टीकरण सार्वजनिक गरियो, जसमा रोयटर्ससँगको अन्तर्वार्तालाई गलत ढंगले उद्धृत गरिएको उल्लेख थियो।

यसबीच रक्षामन्त्री र प्रधानमन्त्री कार्यालयबीच पनि समन्वय र बुझाइमा एकरूपता देखिएन। रक्षामन्त्री भण्डारीले छापामारको सेनामा समायोजन हुन नसक्ने, व्यवस्थापनमात्र हुने अभिव्यक्ति यसअघि नै दिइसकेकी थिइन्। प्रधानमन्त्रीबाट त्यसविपरीत अभिव्यक्ति आएकोमा कतिपय सत्तारूढ शक्तिहरूले मन पराएनन्। विगतमा आठ सहायकरथीलाई अवकाश दिइएको निर्णय फिर्ता लिने क्रममा पनि रक्षामन्त्रीले आफूखुसी अग्रसरता लिएकोमा प्रधानमन्त्री कार्यालय असन्तुष्ट थियो। मानवअधिकार रेकर्डका दृष्टिले विवादास्पद उपरथी तोरणजंगबहादुर सिंहलाई तेस्रो वरियतामा रहने गरी रथीमा बढुवा गर्न जंगी अड्डा र रक्षा मन्त्रालयले अगाडि बढाएको प्रस्तावबाट पनि प्रधानमन्त्री कार्यालय अन्यमनस्कमा छ।

यसअघि रथी खड्कालाई कामु सेनापति बनाउने र सेनापति कटवाललाई अवकाश दिने माओवादी नेतृत्वको सरकारको निर्णय उल्टाउन पनि वर्तमान सरकारले निकै समय लगाएको थियो। त्यो ढिलाइलाई 'खुट्टा धर्मराएको' रूपमा जर्नेलहरूले लिए। प्रधानमन्त्री नेपालको कार्यशैली हेर्दा उनी सकेसम्म राजनीतिक र सैन्य क्षेत्रसँग समन्वय र सन्तुलन मिलाएरै अगाडि बढ्न चाहन्छन्। तर, यथार्थ के हो भने उनकै निर्णयका कारण अहिले सेनाको मुख्य लगाम सरकारको हातमा छैन। जुन दिन उनले सेनापति कटवाललाई यथावत् राख्ने राष्ट्रपतिको कदमलाई मन्त्रिपरिषद्‌बाट अनुमोदन गरिदिए, त्यसै दिन सेनाको खास नियन्त्रण सेनाधिपतिसमेत रहेका राष्ट्रपतिमातहत गइसकेको थियो। यसले गर्दा सेनाका सवालमा स-साना मामिलामा पनि सरकारलाई प्राविधिक अप्ठ्यारो परिरहेको छ।

नेपाली सेनाको यति धेरै प्रभाव वृद्धि जनआन्दोलन-२ यता कहिल्यै भएको थिएन। आफ्ना तत्कालीन सुप्रिम कमान्डर राजा ज्ञानेन्द्रको पतन र आफूले विरोधीका रूपमा मानिआएका राजनीतिक दलहरूको पुनर्बहालीपछि सेनाको मनोबल वास्तवमा निकै गिरेको थियो। त्यसमाथि माओवादी छापामार र सरकारी सेनालाई बराबरी व्यवहार गर्दै राष्ट्रसंघीय निगरानीमा राखिनुलाई उसले संस्थागत अपमानका रूपमा लिएको थियो/छ। सेनाको लोकतान्त्रीकरण गर्ने बृहत् शान्ति सम्झौताको प्रावधानले त अहिले पनि थुप्रै जर्नेललाई उत्तेजित तुल्याउँछ। सेनालाई 'अपमानको चरणबाट पुनःस्थापित गराउने' उद्देश्यतर्फ परिलक्षित देखिन्छन् सेनापति कटवालका कदम। त्यही भएर होला अवकाश पाउनैलाग्दा पनि उनको सक्रियता घटेको छैन।

आफूलाई निकाल्न खोज्ने प्रधानमन्त्री आफैं सत्ताच्युत हुनुपरेको भर्खरैको घटनाले सेनापति कटवालको उत्साह बढेको बुझ्न गाह्रो छैन। यसबीच माओवादीसमर्थक भनिएका रथी खड्का र उनका समर्थक पाखा लागिसकेका छन्। कांग्रेस, एमालेको ठूलो हिस्सा र अन्य राजनीतिक शक्तिहरूको समर्थन पनि सेनाले हासिल गरेको छ, जो यसअघि स्पष्ट थिएन। सेनाले राष्ट्रपतिलाई पनि विगतका राजाजस्तै सक्रिय संरक्षकको भूमिकामा पाएको छ। अमेरिकामात्र होइन, भारतसमेतको सद्भाव प्राप्त छ। मानवअधिकार रेकर्डका कारण टाढिएका बेलायतलगायत कतिपय युरोपेली राष्ट्र पनि अहिले निकट आएको सेनाको ठम्याइ छ। यसलाई 'माघ १९' पछि एकखाले नाकाबन्दी भोग्दै आएको सेनाले सैन्य सहयोग सुचारु हुनसक्ने अवसरका रूपमा लिएको छ। राजनीतिक र कूटनीतिक धापका दृष्टिले नेपाली सेना अहिलेजति शक्तिशाली सायद राजतन्त्रकालमा पनि थिएन।

सेनाको आकांक्षा र भूमिकालाई सरकारले सन्तुलित एवं नियन्त्रित ढंगले व्यवस्थापन गर्न सकेन भने मुलुकको राजनीतिले अस्वाभाविक मोड पनि लिनसक्छ। किनभने संक्रमणकालको यो तेस्रो अवसर हो। कांग्रेस नेतृत्वको गिरिजाप्रसाद कोइराला सरकार र माओवादी नेतृत्वको पुष्पकमल दाहाल सरकार यसअघि भिन्नाभिन्नै कारणबाट सत्ताच्युत भइसकेका छन्। अब तेस्रो शक्ति एमालेले अवसर पाएको छ, जसको राजनीतिक अगुवाइ माधव नेपालले गरेका छन्। उनी पनि असफल भए र राजनीतिक समीकरण बिग्रियो भने जनआन्दोलनपछि दल र नेताहरूले पाएको नयाँ चरणको अवसर फेरि जोखिममा पर्नसक्छ। र, त्यसबाट आगामी ११ महिनाभित्र नयाँ संविधान जारी गरिसक्नुपर्ने राष्ट्रिय लक्ष्य बिथोलिन सक्छ। त्यस्तो असामान्य अवस्थामा उत्पन्न हुनसक्ने राजनीतिक-संवैधानिक अराजकतालाई हालको अस्थायी संविधानले सम्हाल्न नसकेको खण्डमा मुलुकमा कुनै पनि स्वरूपको अतिवादले ठाउँ पाउन सक्छ।

के नेपाली नेताहरूले श्रीलंकामा तमिल विद्रोहीविरुद्धको सफल सैन्य अभियान, छेवैको भारतमा माओवादीमाथि लगाइएको प्रतिबन्ध र अर्धसैन्य दमन, अनि अर्को महाद्वीपको होन्डुरसमा हालै भएको सैन्य तख्तापलटबाट विश्वमा सञ्चारित सन्देशलाई ठीकसँग आत्मसात् गर्न सकेका छन्?

# एमाले 'हजुर' हरूका नाममा



चौतारी

उषाकिरण तिम्सेना

'एमालेमा गन्जागोल' यसै दैनिकको समाचार शीर्षक थियो। एमालेसँग जोडिएका यस्तै समाचार पढ्दा र सुन्दा कार्यकर्तामात्र होइन, आमजनता समेत निराश हुने स्थिति छ। प्रचण्डले 'नागरिक सर्वोच्चता' को कुरो देखाएर राजीनामा गरेपछि प्रधानमन्त्री बन्ने 'पालो पाएका' माधवकुमार नेपालले सत्ता साझेदार दलबाट आशातीत सहयोग नपाएको बेला आफ्नै पार्टीबाट समेत पर्याप्त सहयोग पाएनन्। मूल नेतृत्वमा रहेकाहरूले आ-आफ्नै खेमाका मान्छेले शक्तिशाली भनिने मन्त्रालय पाउनुपर्ने दाबी गरे। जटिल परिस्थितिमा भएका यस्ता खाले प्रवृत्तिलाई के भन्ने?

वैचारिक रूपमा मलुवा र सांगठनिक स्थिति कमजोर भइसकेको आरोप लगाउनेहरूकै तथ्यलाई बल पुर्‍याउने काम यतिखेर एमाले नेताहरू गर्दै छन्।

जननेता मदन भण्डारीद्वारा प्रतिपादन गरिएको 'जनताको बहुदलीय जनवाद' लाई मार्गनिर्देशक सिद्धान्त मानेको एमालेको कार्यनीतिमा जबजको गन्ध भेट्न मुस्किल पर्छ। महत्त्वपूर्ण विषयहरूमा निर्णय लिनुपूर्व नेता र कार्यकर्ताबीच व्यापक बहस गरिनुपर्ने 'भण्डारीका संकलित रचनाहरू' मा उल्लेख छ। तर पछिल्लो कटवाल प्रकरण होस् वा यो भन्दा अलिक अघिको 'आंशिक प्रतिगमन सच्चिएको' सवाल होस्। जुनसुकै विषयमा एमाले हतारमा निर्णय गरेर फुर्सदमा पछुताएको छ।

नेपाल मन्त्रिपरिषद्‌ले पूर्णता पाएको छैन। किस्ताबन्दीमा शपथग्रहण भइरहेका छन्। मन्त्रिमण्डलले पूर्णता नपाउँदै अर्को सत्तासमीकरणको चर्चा सुरु भइसकेको छ। चुनौती चुलिँदो छ। अधिकारको नाममा जातीय आन्दोलनले टाउको उठाएको छ। हत्या र अपहरणको शृंखला घटेको छैन। सीमामा भारतीय ज्यादती बढेका खबरले चस्स दुख्छ। उसो त भारतीय ज्यादती आजको समस्या होइन, वर्षौं पुरानो हो। तराई जतिखेरै ठप्प हुनसक्छ। अनेकतामा एकताको नारालाई धेरै 'अग्रगामी' हरूले पश्चगामी देख्न थालेका छन्।

संविधानसभाको चुनावले एमालेलाई तेस्रो स्थानमा खुम्च्याएको थियो, र पनि राष्ट्रिय महाधिवेशनमा परिचालित जनशक्ति, स्ववियु निर्वाचनमा विद्यार्थीले हासिल गरेको सफलताले राहत मिलेको होला। अनपेक्षित चुनावी असफलतापछि वैचारिक बहस र संगठनात्मक पुनर्गठनको माग आमकार्यकर्ताको थियो। एमालेले महाधिवेशनमा समेत वैचारिक बहसमा भन्दा चुनावी दौडधुपमा ध्यान केन्द्रित गर्‍यो। फलस्वरूप नेतृत्व फेरिए पनि कार्यशैली फेरिएन।

महाधिवेशनलाई एमालेले 'एकताको महाधिवेशन' भनेको थियो। फुट नै नभएको अवस्थामा सम्पन्न महाधिवेशनलाई 'एकताको' भन्नु सायद नेता-नेताबीचको मनमोटावलाई अन्त्य गर्ने अभिप्राय होला तर महाधिवेशनपछि संस्थागत र प्रतिपक्षको रूपमा एमाले गुटबन्दी सतहमै आएको छ। प्रमुख चार नेताले एकैदिन चार ठाउँमा चारथरि बोल्छन्। कार्यकर्ताले कुनचाहिँ नेताको कुरो सही मान्ने? नेतागण बैठकमा बोल्नुपर्ने कुरो बाहिर बोल्छन्। सायद बाहिर बोल्नुपर्ने कुरोचाहिँ बैठकमा बोल्छन् होला। कत्रो विरोधाभास!

बुटवल महाधिवेशनले एमाले केन्द्रमा युवाजमातलाई निर्वाचित गरेको छ। सबैले आशाको दृष्टिले हेरेका यी युवा नेताहरू पार्टी ढुलमुले बनिरहँदा, गुटबन्दीमा अल्झिँदा किन मौन छन्? पछिल्लो समयमा एमालेका केही कार्यकर्ताहरू माओवादीमा प्रवेश गरे। अब माओवादीमा बसाइँ सर्नेहरूलाई अवसरवादी भनेर टिप्पणी गरेरमात्रै हुने होइन, कतै एमालेभित्रै यो चरित्र हावी भएको छ कि? अब आफैं गल्ती/कमजोरी भएको कुरो महसुस गर्नु पर्दैन? साख रक्षाका लागि अब व्यक्तिवाद र गुटबन्दीविरुद्ध एमाले निर्मम हुनैपर्छ। नत्र वर्तमान गृहमन्त्री भीम रावल चरित्र सबैले अपनाउन सक्छन्। (भीम रावल, जसले पहिला केन्द्रीय सदस्यको शपथ खाएका थिएनन्, मन्त्री हुने पक्का भएपछि रातारात शपथ ग्रहण गरे।) त्यसो भयो भने व्यक्ति शक्तिमा रहन वा पुग्न सक्ला तर पार्टी भने रसातलमा पुग्नेछ।

> **आशाको दृष्टिले हेरेका एमालेका युवा नेताहरू पार्टी ढुलमुले बनिरहँदा र गुटबन्दीमा अल्झिँदा किन मौन छन्?**

आज पनि एमालेको देशव्यापी सांगठनिक सञ्जालको लोभ कांग्रेस मात्र होइन, माओवादीसमेत गर्छ। 'कार्यकर्ता त एमालेको जस्तो पो' भन्ने त भनाइ नै छ। तर देशको स्थिति सुकेको खरबारीजस्तै भएको बेला एमाले आफैंभित्रको अन्तरविरोधमा रुमल्लिएको छ। वैचारिक अन्तरविरोधका बारेमा बहस र छलफल गर्न सकिन्थ्यो तर व्यक्तिगत टकरावलाई कसरी मिलाउने? नीतिप्रधान नभएर एमाले नेताप्रधान भएको छ। कोही 'झलनाथ गुट' र कोही 'केपी गुट' का नामले चिनिन थालेका छन्। के गुटबन्दीबिनाको पार्टी हुन सक्दैन? एमाले गजुरमा आसीन 'हजुर' हरूलाई केवल एउटा प्रश्न।

# पाठक मञ्च

## समय खेर गइरहेको छ

नेपालका राजनीतिक दलहरू नयाँ गठबन्धनतर्फ वा सत्ता समीकरणमा मोडिएको पाइन्छ। बृहत् शान्ति सम्झौतापश्चात् पनि साना-ठूला गरी दर्जनौं समूहहरू निःशस्त्र वा सशस्त्र रूपमा देशभर फैलिएका छन्। नागरिक सर्वोच्चता र सत्ता गठबन्धनका नाममा देशमा पुनः ठूलो राजनीतिक ध्रुवीकरण भएको छ। सबैको राजनीतिक स्वार्थ हवात्त बढेको छ। नेपालको आन्तरिक मामिला सम्बन्धमा अन्तर्राष्ट्रिय समुदायको चासो बढेको छ। यो कुरा विभिन्न राजदूत तथा कूटनीतिक नियोगका प्रतिनिधिहरूबाट भएका सार्वजनिक दृष्टिकोण र व्यवहारबाट पुष्टि हुन्छ। ठूला-ठूला राजनीतिक परिवर्तन हुँदासमेत यहाँको आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक जीवनमा खासै परिवर्तन नभएको कुरा विभिन्न समयमा प्रकाशित मानव विकास सूचकांकले देखाएका छन्।

आज एकाईसौं शदाब्दीमा पनि नेपाली जनताको जीवनस्तर अत्यन्तै विपन्न छ। यसको ठोस कारण सामाजिक संरचना, परिवर्तनप्रति उदासीनता, परम्परागत रुढीवादिता, जमिनदारी प्रथा, केन्द्रीय राजनीतिमा एउटै पुरातनवादी सोचले ग्रस्त वर्गहरूको बर्चस्व तथा मधेसी समुदायका नाममा वर्षौंदेखि शोषणयुक्त राजनीति, दलित तथा महिलाहरूमा विभेद नै प्रमुख रूपमा देखिन्छ। पञ्चायतकालदेखि नै एउटै वर्ग एवं नेतृत्वले विभिन्न रूप र आवरणमा विभिन्न दलमार्फत राजनीति गरिरहेका छन्। उनीहरू पटक-पटक सत्तामा पुगेका छन् भने कसरी नयाँको दिनको आशा गर्ने?

हिजो पञ्चायतकालमा डाडुपन्यु लिनेहरू नै आज गणतन्त्रको कार्यान्वयन गरी नयाँ संविधान निर्माणको संघारसम्म उभिइरहँदा पनि तीनै लोकतन्त्रका ऐजेरु बनेर केन्द्रमा हावी भएका छन्। जसका कारण रूपान्तरणका प्रक्रिया र राष्ट्रका समस्या भने ज्युँका त्युँ छ। नेपालीहरूको राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक जीवनस्तरमा कुनै उल्लेख्य प्रभाव पर्नसकेको छैन, मात्रै बहस र द्वन्द्वमा समय गएको मात्रै छ।

**– वासुदेव देवकोटा**
*मुच्चोक ४, साउने, गोरखा*
*हाल : काठमाडौं*

## सुकिलो कि मैलो कम्युनिस्ट नेता?

साम्राज्यवादी सामन्त शोषकहरू चाहन्छन् विश्वबाट कम्युनिस्टहरू निमिट्यान्न होऊन्। हरेक क्षेत्रमा समन्याय, समानता र समतामूलक समाजको अन्त्य होस्। सायद उनीहरूकै प्रभावमा परेर होला, आफ्नै बलबुता, परिश्रम र आत्मनिर्भरतामा विश्वास नगर्ने परिपाटी नेपालका वामघटक राजनीतिकमा देखापर्ने गरेको छ।

गरिब, किसान र मजदुरवर्गको पार्टी कहलिएका, हँसिया हतौडा अंकित ट्याग भिरेका प्रायः सबैजसो नेपाली कम्युनिस्ट नेताहरू आर्थिक र राजनीतिक उपलब्धिले सामन्त छन्, ती दुःखकष्ट उठाउन चाहँदैनन्, दुःखीलाई राहत दिने कुरा सोच्दैनन्। यो कुरा नेकपा एमालेका अध्यक्ष झलनाथ खनालले भारी ज्यानको बोझ कार्यकर्ताको ढाडमा लदाएको तस्बिर (कान्तिपुर १६ असार) ले पुष्टि गरेको छ। सुकिलो कपडा, घुँडा मुन्तिरसम्मको गमबुट पहिरिएका नेताले असार १५ मा धान त के रोपे होलान्, प्रतिक्रिया जनाउने पाठकवर्गले कम्युनिस्ट नेताको सामन्ती आचरणको दोहोलो काढेको राम्रो लाग्यो। नेताहरूलाई पाठ जनताले नै पढाउनुपर्छ।

कम्युनिस्टहरूको मजदुर, किसान र खेतसितको आत्मीयता कस्तो हुनुपर्छ भन्ने सम्बन्धमा स्व. प्रधानमन्त्री मनमोहन अधिकारीले बुटवल आउँदा खेत खलियान र किसानप्रति संवेदनशील बन्न सकेनौं भने हामीले आफूलाई कम्युनिस्ट नभने पनि हुन्छ भन्दै उत्तर कोरियाको भ्रमणमा तत्कालीन राष्ट्रपति किम चुल सुङसितको भेटको एउटा रोचक घटना बताउनुभएको थियो।

राष्ट्रपतिले स्व. अधिकारीलाई आफ्नै निवासमा बोलाउनुभएको रहेछ। निर्धारित समयमा पुग्दा उहाँ निवासमा हुनुहुन्नथ्यो। केही बेरको पर्खाइपछि पर खेतबाट घुँडा माथिसम्म फर्काइएको प्यान्ट र हिलोमा मुछिएका खाली खुट्टाको साथ दुवै नेताहरूको भेटघाट भएछ। क्षमा याचना गर्दै राष्ट्रपतिले 'यसपालि गहुँको खेती राम्रो भएको छ, झार गोड्न गएको थिएँ, पर्खाइको निम्ति क्षमा चाहन्छु' भने। खेतबारी, अन्नबाली उत्पाकत्वसम्बन्धी चासोको विषयलाई लिएर स्व.अधिकारीले आफू अति नै प्रभावित भएको बताउनुभएको थियो। तर यता सहरी बसाइ, पाँचतारे होटेलको लन्च र डिनरमा रमाउने बानी बसिसकेका आधुनिक समाजका हाम्रा नेताहरूलाई असार पन्ध्रको महत्त्वसम्म थाहा रहेनछ।

**– नर्बु लामा**
*रूपन्देही*

## नयाँ संविधान र बन्द

नयाँ बन्ने संविधानमा कुन पार्टीले कुन महिनामा कति दिन बन्द गर्ने हो, त्यो स्पष्ट भई संविधान जारी गर्दिए जनताले सोही अनुरूप आफ्नो कार्य योजना बनाउने थिए कि? यसले बन्दबाट हैरान जनतालाई केही राहत हुन्थ्यो, नत्र उही पुरानो नेपालको नयाँ रटान।

**– हरिकृष्ण जोशी**
*रूपाकोट- ३, तनहुँ*

## मनलागी नगर

बन्दले देश तनावमा रहेको स्थितिमा अझै तनाव थप्ने काम भइरहेको छ। आइतबार प्रकाशित समाचार पढ्दा निकै दुःख लाग्यो। स्थिति यहाँसम्म पुगेछ कि ५ जनाले समेत जाम गर्ने। यसरी जाम गर्दैमा समस्याको समाधान त हुँदैन नि? बन्दले हरेक क्षेत्र र वर्गलाई प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ। बन्दको सट्टा सहमति र नयाँ विकल्प रोज्नु नै सबैलाई राम्रो हुने उपाय हो।

**– अनिल पराजुली**

## कसले गर्ने?

दैनिकहरूमा पूर्वराजा ज्ञानेन्द्रलगायत अन्य ठूला व्यक्तिहरूको सम्पत्ति छानबिन गर्नुपर्छ भन्ने आवाज पढ्न पाइयो। तर कुरो, कसले कसको छानबिन गर्ने? प्रचण्डले माधवकुमारको गर्ने कि? गिरिजाप्रसादले प्रचण्डको गर्ने कि? माधवकुमारले प्रचण्ड र गिरिजाप्रसादको गर्ने कि? प्रहरीका उच्च व्यक्तिहरूको अख्तियारले गर्ने कि? अख्तियारले प्रहरीको गर्ने? कि सबैले मैले मेरा पालामा यति खाएँ, तैंले तेरा पालामा कति खाइस् भनेर छानबिन गर्ने? क्या गजब छ वा! भ्रष्टाचारीहरूको सम्पत्ति छानबिन अब भ्रस्टाचारीहरूबाटै हुने भो। 'दाइ काले, भाइ पनि काले, काले-काले मिलेर खाउँ भाले' भन्ने गित फेरि हिट हुन्छ।

**– मनोज दाहाल**
*भद्रपुर*

## महँगीले जनतालाई सास्ती

जुनसुकै होटलमा पस्दा सुरुमा बगली छाम्ने, त्यसपछि भाउ सोध्ने, अनिमात्र खाने गर्नुहोला, हचुवाको भरमा साथीसंगिनी मिलेर जहाँ पायो त्यहीँ नखानु होला। यसो गर्दा मैले महँगीको सास्ती खेप्नुपर्‍यो। मनपरी पैसा लिएर शुद्ध र सफा खाना दिँदैनन्। पसलमा गुणस्तरीय खाद्यवस्तु पाइँदैन, मिसावटको डर हुन्छ। यो कुरा कानुन मन्त्रालयले किन नदेखेको?

**बद्री ढुंगाना**
*होक्से ४, काभ्रे*

## यति हतार किन?

माओवादीलाई सरकारमा जान यतिबिघ्न हतार किन परेको होला? अघि बुढी मानिन, पछि बुढी जानिन भन्ने उक्ति माओवादी करनी र कथनीसँग मिल्छ। संविधानसभामा पचास प्रतिशत सदस्य संख्या प्राप्त माओवादी नेतृत्वको सरकारसँग कसले हट्नैपर्छ भनेर राजीनामा माग्यो? संसद्‌ले, जनताले, राजनीतिक दलहरूले? ऊ आफैं अहंकारले बाहिरिएको हो। आफैं भान्से भएको माओवादीलाई अर्काको खटन खान गाह्रो पर्‍यो।

गणतन्त्र नेपालको प्रथम प्रधानमन्त्री भएर माओवादीले आफ्नो नेतृत्वमा सरकार बनाउने अवसर पायो। आफ्नो अनुकूलको नीति, कार्यक्रम र महत्त्वाकांक्षी बजेट प्रस्तुत भयो। चन्द्रमा छुने आर्थिक लक्ष्य धर्तीभन्दा माथि उठेन। सरकारले पेस गरेका नीति, कार्यक्रमका बुँदागत विषयवस्तु र बजेटको बृहत आकारले जनतामा अब त केही हुन्छ कि भन्ने आशा पलायो। तर यो स्थिति धेरै दिन टिक्न सकेन। आफ्नै नेतृत्वमा बनेको सरकारले युद्धकालीन छापामार र अन्य जनवर्गीय युवा दस्ताको समायोजन, व्यवस्थापन र सुनिश्चित भविष्यको खाकामात्र पनि कोर्न सकेन।

शिविरभित्रै शब्दजालको भाषण सुन्दै चित्त बुझाउनुपर्‍यो। युद्धकालीन समयमा ध्वस्त संरचना पुनर्निर्माण र नयाँ कार्यक्रम लागू हुन सकेन। सत्ता मिठासले गर्दा नेताहरूको जीवनशैली एकाएक परिवर्तन भयो। सर्वहारावर्गको नेतृत्वको ठाउँमा सत्ता हानथाप र जातीय एकाधिकार वादले लिँदै छ। फरक मत राख्ने व्यक्ति विरलै आक्रमणको निसानाबाट जोगिएका छन्।

नागरिक सर्वोच्चता कायम गर्ने थलो संविधानसभा/संसद् चल्न नदिएर कस्तो नागरिक सर्वोच्चता खोज्ने कसरत गरिँदै छ? कानुन कार्यान्वयन गर्ने सर्वोच्च कार्यकारी निकाय कार्यपालिका प्रमुखले मातहतका राष्ट्रसेवकसँग पौंठेजोरी खोजेर पदबाटै राजीनामा दिनुलाई नागरिकले कति ठूलो पुरुषार्थ ठान्ने? यस्ता सबैखाले कमीकमजोरीबाट पाठ सिकेर संयम, मर्यादित र जनवादी प्रतिपक्षको भूमिका निभाएर संविधान लेखनमा दत्तचित्त हुँदै सत्ता सञ्चालनको अनुभव संगाल्नु र जनतासँग नजिक हुँदै जाने अवसर गुमाएर एनेकपा माओवादी किन सरकारमा पुग्न हतारियो?

**– मधुसूदन ओझा**
*ओखलढुङ्गा*
*हाल :विराटनगर*

## बुई चढी कता?

फोटोमा त खनालजी बिहेमै जान लागेजस्तो गरी मखख परेर हाँस्नुभा'छ। कम्युनिस्ट पार्टीको अध्यक्षलाई सफारीसुट र बुटमा सजिएर कार्यकर्ताको बुई चढ्दा कति मज्जा लाग्यो होला? उनले झैं अरू नेताले पनि हामी जनताको ढाडमा कुल्चेर हिँड्नाले नै आज हाम्रो यो हरिबिजोग भएको छ।

वर्षाको बेला रोपाइँमा जाँदा के आमनेपाली यस्तै लुगामा जान्छन् होला त? त्यो पनि बुई बढेर? तपाइँलाई चढ्न मनलाग्यो, कार्यकर्तालाई बोक्न, तर हामी जस्ताको अर्धचेतन मनले यो कार्यलाई धिक्कार्न कर लाग्यो। लौ त खनाल दाजु, वर्षातको बेला छ, ध्यान दिएर हिँड्नुहोला। कान्तिपुरमा यस्ता तस्बिरहरू अब देख्न नपरोस्।

**– मदन खनाल**
*काठमाडौं*

## न्यायमा चलखेल

'झुटो बयान दिनेलाई कारबाही गर्न ताकेता' (असार १४) मा प्रधानन्यायाधीश मीनबहादुर रायमाझीको कथन राम्ररी पढियो। प्रधानन्यायाधीश हुनुअघि पनि एक समारोहमा उहाँले बोल्नुभएको कथनको सर्वत्र तारिफ भएको थियो- 'हाम्रा अदालतहरूमा झूटैझूटको खेती गरी बनाइएका कागजहरू नै जानाजान बलियो मानिन्छन्।'

प्रधानन्यायाधीश केदारप्रसाद गिरीले पनि कुर्सी च्यापे लगत्तै अदालतमा न्यायाधीशहरूले फैसला गर्नुअघि हुने चलखेलको राम्रो जाँचबुझ गरी यसमा अंकुश लगाउने प्रण गर्नुभएको थियो। तर कार्यान्वयन भएको पाइएन।

अझ पनि हाम्रा ऐन कानुन राणा र शाहकालीन नै छन्। त्यो बेला उनीहरूले आफू र आफ्ना परिवारहरूको हित हुने आधारमा बनाइएका कानुनहरू नै हालसम्म पनि लागू छन्। यी संशोधन हुनु आवश्यक छ। आधुनिक कानुन नभएकाले पूरै न्यायपालिका चलखेल र खाने भाँडो भएको छ।

**– राजेन्द्र गुर्वाचार्य**
*नयाँबानेश्वर, काठमाडौं*

## मलाई बचाउनोस्



मेरा दुवै मिर्गौलाले काम गर्न छाडेपछि दुई वर्षअगाडि भारतको चेन्नई ट्रान्सप्लान्ट सेन्टरमा प्रत्यारोपण गराएको थिएँ। त्यसयता जिन्दगीभर मैले औषधि खाइराख्नुपर्ने भएको छ। औषधिमा मासिक ३० हजार रुपैयाँ खर्च लाग्छ। अहिले मलाई राष्ट्रिय मिर्गौला केन्द्रले फेरि उपचारका लागि मद्रास जानुपर्ने भनी सिफारिस गरेको छ। म दुर्गम दार्चुलामा जन्मेको अनाथ हुँ।

हाल दिदीकोमा बसिरहेको छु। नियमित उपचारका लागि खर्च जुटाउन सकेको छैन। यस्तो अवस्थामा भारत गएर फेरि उपचार गर्न सक्ने मेरो सामर्थ्य छैन, तर उपचार गराउन पाए म बाँच्छु भन्ने आशा छ। तर अहिले जीवन-मरणको दोसाँधमा छु।

मानवीय सहायताको लागि यहाँहरूसमक्ष याचना गर्दछु। कृपया मलाई जीवनदान दिनुहोस्। सबैको सहयोगले मात्र मेरो जिन्दगी बच्नेछ। मलाई सहयोग गर्न चाहनुहुने महानुभावले राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, पुलचोकको बचत हिसाब नं. २४४७५ मा रकम जम्मा गरी दिनुहुन अथवा मोबाइल नं. ९८४१८६५५६० मा सम्पर्क गर्नुहुन अनुरोध छ।

**– कमलेश निरौला**
*खलंगा, दार्चुला*
*हाल: ग्वार्को, ललितपुर*